माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० मंसीर २१ गते वसेको वैठकका निर्णयहरु देहायबमोजिम पारित गरियो ।

१. सडक वोर्ड नेपाल मिनभवन, काठमाण्डौंको मिति २०८०/०८/०१, च.न. ४६८ को पत्र अनुसार माण्डवी गाउँपालिकाका लागि आर्थिक वर्ष २०८०/०८१ का लागि सडक वोर्ड नेपालबाट स्वीकृत भएको रु १६,००,०००/- अक्षरेपी सोह लाख स्वीकृत भई योजना छनौट र समपुरक वजेट सुनिश्चतताका लागि लेखि आएकोमा माण्डवी गा पा १ वडेचौर देखी माण्डवी २ मा पर्ने वडेचौर-रातापानी-मुकुर्टी दाङ जोड्ने मोटरबाटो छनौट गर्ने । साथै सडक वोर्ड नियमावली, २०६० को परिच्छेद (३) नियम (९) बमोजिम स्थानीय तहले रकममा हिस्सेदारी गर्नुपर्ने व्यवस्था बमोजिम यस कार्यालयबाट रु ४,००,०००/- अक्षरेपी रु चार लाख गाउँपालिकाको आन्तरिक श्रोतबाट खर्च गरी स्रोत सुनिश्चता गर्ने ।

२. माण्डवी गाउँपालिका भित्र स्थायी वसोसास गर्ने कृषकहरुलाई पशुजन्य माशु र दुध जन्य पदार्थ उत्पादनमा वृद्धि तथा कृषकलाई कृषि कर्ममा प्रोत्साहन गर्न र उत्पादनका आधारमा अनुदान प्रदान गर्न माण्डवी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गरी लागु गर्ने ।

३. माण्डवी गाउँपालिकालाई रुट क्षेत्र बनाई सञ्चालन रहेका अटो रिक्साहरुको दर्ता, नवीकरण, खारेजी, रुट निर्धारण लगायतका विषयलाई व्यवस्थित गर्न माण्डवी गाउँपालिकाको अटो रिक्सा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी लागु गर्ने ।

४. प्रस्ताव नं ४ माथि निम्न निर्णय गरियो ।

क. गाउँपालिकामा भर्खरै सम्पन्न भएको अध्यक्ष कप खेलकुद प्रतियोगिता अन्तर्गत सञ्चालिन अन्तर स्थानीय तह खुला पुरुष भलिवल प्रतियोगिता सम्वन्धमा व्यापक छलफल गरी खेलकुद सौहार्दपुर्ण वातावरणमा सम्पन्न भएको निष्कर्ष निकालियो ।

ख. गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतका कार्यालयहरुको दैनिक क्रियाकलाप, सेवा प्रवाह सम्वन्धमा व्यापक छलफल गरियो । साथै यस्ता कार्यालयबाट भएका राम्रा क्रियाकलाप आगामी दिनमा अनुसरण गर्ने र गलत क्रियाकलापहरुलाई सुधार गर्न निर्देशन दिने निर्णय गरियो । माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८० कार्तिक २१ गते वसेको वैठकले गरेको निर्णयहरुको सम्वन्धमा प्रत्येक निर्णयको कार्यान्वयनको समिक्षा गरियो । धेरै निर्णयहरु कार्यान्वयनमा गईसकेका तथा वाँकी निर्णय कार्यान्वयन सिघ्र गर्न गाउँपालिका प्रशासनलाई निर्देशन दिने ।

५. माण्डवी गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई जनमुखि, उत्तरदायि र प्रभावकारी वनाउनका लागि सेवा प्रवाहको नवीनतम प्रविधिमा जोड दिने ।

६. माण्डवी गाउँपालिका वडा नं ४ स्थित श्री कामाक्षी माध्यमिक विद्यालयमा रिक्त रहेको प्र.अ. पदमा मा.वि. तह तृतीय श्रेणीका स्थायी शिक्षक श्री माधव के.सी.लाई नियुक्तिका सोही विद्यालयको मिति २०८०/०८/२०, च.न. ५१ पत्रमा विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०८/१९ को निर्णय सहित सिफारिस भई आएकोमा श्री माधव के सी लाई प्र अ पदमा नियुक्ति गर्ने ।

७. प्यूठान अस्पताल विजुवार प्यूठानको मिति २०८०/०७/१६, च.नं. ३३७ को पत्रअनुसार प्यूठान अस्तापलमा लायन्स क्लव ईन्टरनेसनल डिस्ट्रिक 325 N नेपालको ७५ प्रतिशत लगानीमा सञ्चालन हुन लागेको डाइलाइसिस सेवा सञ्चालनका लागि यस गाउँपालिकाबाट रु ५,००,०००/- अक्षरेपी रु पाँच लाख गाउँपालिकाको आन्तरिक श्रोतबाट व्ययभार हुने गरी सहयोग गर्ने ।

८. माण्डवी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा कार्यरत सम्पूर्ण शिक्षकहरुको शिक्षा नीति नवन्दा सम्म गाउँपालिका भित्र आन्तरिक सरुवा वन्द गर्ने तर जिल्ला वाहिर जान र आउनका लागि सरुवा अनुमति/ सहमती प्रदान गर्ने ।

माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

CS CamScanner